नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

प.लि.नं. १२७४-६७/६८

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Ltd

पत्र संख्या : २०७७/७८ – ९१
चलानी नं. : ६५१

# प्रेस विज्ञप्ति

मिति २०७७।१०।११ गते देखि हुने दोस्रो बजारको कारोबारको राफसाफ तथा फछ्र्यौट कारोबार पछि को दुई कार्य दिन अर्थात् T+2 मा हुने व्यवस्था गरिएकोमा उक्त दिनमा भएको कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य मिति २०७७।१०।१३ गते सम्पन्न भयो। सो दिन कुल २०६ वटा उपकरणका रु ९,३५,००,५४,४०३ बराबरको १,९३,५१,९७१ कित्ता धितोपत्रको ७९,१५३ वटा कारोबारको राफसाफ तथा फछ्र्यौट भयो। यस क्रममा कुल ९९ वटा कारोबारको लागि सम्बन्धित विक्रीकर्ताले विक्री बापतको धितोपत्र नबुझाएका कारण १३,५७,७२८ रुपैयाँ क्लोज आउट भएको छ भने कुल पुँजीगत लाभकर १०,४५,६५,२७७.३८ रुपैयाँ सङ्कलन भएको छ।

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट चक्र छोटो हुँदा बजारमा कारोबार हुने धितोपत्रको तरलतामा वृद्धि हुने, लगानीकर्ताले खरिद गरेको धितोपत्र अझ छिटो प्राप्त गरि पुनः विक्री गरि मुनाफा आर्जन गर्न सक्ने भएकाले पूँजी बजारमा यसको सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ। यद्यपि राफसाफ तथा फछ्र्यौट चक्र छोटो हुँदा लगानीकर्ताले निर्धारित समय भित्र आफ्नो दायित्व पुरा नगर्दा अनावश्यक रूपमा क्लोजआउट पेनाल्टी लागी आर्थिक क्षति बेहोर्नु पर्ने हुँदा धितोपत्रको कारोबार पश्चात् गर्नुपर्ने सम्पूर्ण दायित्वहरू ( विक्रीकर्ताको हकमा e-DIS वा भौतिक निर्देशन, खरिद कर्ताको हकमा रकम) समयमा (T+1 भित्र) पुरा गर्नुहुने अनुरोध गरिन्छ।

मितिः २०७७।१०।१४ गते

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.